STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

**मास्क लगाऔं, कोरोनाबाट सुरक्षित बनौं**
-नाक र मुख ढाकिने गरी मास्क लगाऔं,
-मास्कलाई सकेसम्म नछोऔं,
-एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं, कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ३१ गते बिहीबार ❑ 16 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## क्लवमा विदेशी खेलाडी भित्र्याउन सहयोग गर्ने मन्त्री गुरुङको आश्वासन

### सहारा खेलकुद पत्रकारिता पुरस्कारबाट परियार सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

यस बर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कारबाट दीपक परियार पुरस्कृत भएका छन् । सहारा क्लवले प्रदान गर्ने उक्त पुरस्कारबाट कान्तिपुर राष्ट्रिय दैनिकमा आवद्ध परियारलाई क्लवको २३ औं बार्षिकोत्सवको अवसरमा बुधबार प्रदान गरिएको हो ।

गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजिव गुरुङ( दीपक मनाङे), प्रदेश खेलकुद परिषदका सदस्य सचिव तथा क्लवका सल्लाहाकार तेज बहादुर गुरुङ, क्लवका अध्यक्ष केशव बहादुर थापा लगायतले पत्रकार परियारलाई सम्मान पत्रको साथमा दोसल्ला,फुल माला तथा २० हजार ५ सय ५५ नगद सहित सम्मान गरेका हुन्। पोखरा ३२ घर भएका परियार विगत २०६४ साल देखि पत्रकारिता गर्दै आएका छन् भने उक्त पुरस्कारले आफुलाई थप जिम्मेवार वहन गराएको उनले जनाए । उक्त अवसरमा यस बर्षको उत्कृष्ट सहारा सदस्य



सम्मानबाट राम प्रसाद हिराचन सम्मानित भएका छन्। उनलाई सम्मान–पत्रको साथमा दोसल्ला ओढायर सम्मान गरिएको थियो ।

कार्यक्रममा बोल्दै मन्त्री मनाङेले खेलकुदमा लागेका क्लव तथा विभिन्न संघ संस्थाहरुले युवाहरुलाई खेलकुद संगै सिप मुलक ज्ञान समेत दिनुपर्ने बताए । क्लवले आयोजना गर्ने आहा रारा गोल्डकपमा विदेशी खेलाडी भित्राउनमा बिषेश पहल सहित आर्थिक सहयोग गर्ने उनले जनाए। नेपाली खेलाडीहरुको नयाँ सिप र जोस जागर उत्पन्न गराउन विदेशी खेलाडीहरु समेत भित्राउनु पर्ने मन्त्री मनाङेको भनाई थियो । आहा रारा गोल्ड कप र पोखरा म्याराथन पोखराको ब्राण्ड नै भएकोलेउक्तप्रतियोगितालाईप्रदेश सरकारले बजेट विनियोजन गरेको जनाए । खेलकुद पत्रकारितालाई प्रथामिकता दिएर समाचार प्रकाशन एवं प्रशारणमा योगदान पुऱ्याउने एक जना खेल पत्रकारलाई क्लबले हरेक बर्ष आफ्नो बाषिकोत्सवमा सम्मान गर्दै आएको छ । उक्त पुरस्कारबाट यसअघि, कुलचन्द्र न्यौपाने, धन बस्नेत, विनोद लामिछाने, राम गुरुङ, प्रेमनारायण न्यौपाने, दीननाथ बराल, प्रदिप पौडेल, एकराज गिरी, सागरराज तिमिल्सिना, कृष्णमणि बराल, एमबी आस्था, सुरज श्रेष्ठ, विजय नेपाल, सन्देस श्रेष्ठ, इन्द्र पौडेल सम्मानित भइसकेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए ।

यस अघि अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजिव गुरुङले सहारालाई विदेशी खेलाडी भित्राउन सहयोग गर्ने बताएका छन । 'सहाराले आयोजना गर्ने आहा रारा गोल्डकपमा ४ जना विदेशी खेलाडी आफ्नो टिममा भित्रायो भने २ जनाको खर्च प्रदेश सरकारले दिनेछ', मन्त्री गुरुङले भने-'यहाँका खेलाडीमा अझै केही सिक्नुपर्नेछ विदेशी खेलाडी आयो भने यहाँका खेलाडीले पनि सिक्ने मौका पाउनेछन ।'

युवा र खेलकुदको दुई फरक विषय नभएको बताउँदै मन्त्री गुरुङले प्रदेशका युवाहरुलाई आत्मनिर्भर बनाउने योजना अघि सारेको बताउँदै उनले प्रदेश सरकारले व्याज अनुदानमा १० वर्षका लागि ऋण उपलव्ध गराउन लागिएको बताए । उनले खेलकुदमा लागेका युवा र सहारा र अन्य क्लवहरुलाई यसबाट लाभ लिन आग्रह गर्दै भने-'हामी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## हतारमा विद्यालय नखोल्न निर्देशन

**रासस**
**काठमाडौं, ३० भदौ**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हतारमा विद्यालय सञ्चालन नगर्न निर्देशन दिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र शिक्षा सरोकारवालासँग आज स्वास्थ्य मन्त्रालयले गरेको छलफलमा हतारमा विद्यालय नखोल्न निर्देशन दिएको मन्त्रायलका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँले विद्यालय खोल्न वा नखोल्ने त्यहाँका रहेको स्थानीय तहले निर्धारण गर्ने बताउनुभयो । उहाँले विद्यालय खोल्नुभन्दा अगाडि नजिकैको स्वास्थ्य संस्था र स्थानीय निकायसँग समन्वय गर्नसमेत निर्देशन दिएको छ। उहाँले स्थानीय तहमा रहेको कोभिड-१९ को जोखिम आँकलन गरी जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको सिफारिसका आधारमा शिक्षा मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा-२०७७ पालना गरी मात्रा विद्यालय खोल्न भनिएको बताउनुभयो ।

शिक्षक, कर्मचारी र विद्यार्थीलाई कोभिड-१९ सँग आवश्यक अभिमुखीकरण गरी विद्यालय खोल्न निर्देशन दिएको छ। विद्यालयले यही असोज १ गतेदेखि खोल्ने तयारी गरिएको छ । उहाँले विद्यालय खोल्नुअघि ती ठाउँमा परीक्षण र उपचारको व्यवस्था समुचित व्यवस्था मिलाउनुसमेत भनिएको छ। विद्यालय खोल्नुअघि बालबालिकाको स्वास्थ्य र उपचार गर्नुपर्ने उहाँले बताउनुभयो ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सूचना ! सूचना !! सूचना !!!

**यस श्री भद्रकाली माध्यमिक विद्यालय पोखरा महानगरपालिका वडा न. १३, बिहानी सत्र कक्षा ११/१२ मा अध्यापन गराउन मिति २०७८/०५/३० गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार तपसिल बमोजिमको आंशिक निजि करार शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुनाले योग्यतापुगेका दक्ष नेपाली नागरिकहरुबाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ ।**

| क. स. | पद | आवश्यक संख्या | तह | विषय | योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| १. | नेपाली शिक्षक (निजी करार आंशिक) | १ | मा.वि. (कक्षा ११/१२) | नेपाली | क) नेपाली मूल विषय लिई कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर (M.A/M.Ed) उत्तीर्ण । ख) सम्बन्धी विषयमा अनुभवि व्यक्तिलाई विशेष ग्राहयता दिइनेछ । |

करार अविधि : शैक्षिक सत्र २०७८/०७९
उमेर : ४० वर्ष ननाघेको
आवेदन शुल्क : रु १०००/– (अक्षरुपी एक हजार मात्र)
परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन, अर्न्तवार्ता
दरखास्त दिने अन्तिम मिति : २०७८ असौज १४ गते,बिहीबार बेलुका ४:०० बजेसम्म
सेवातथा सुविधा : विद्यालयको नियमानुसार

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु:**
१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
३) अनुभवका प्रमाणपत्रको प्रतिलिपी

सम्पर्क मिति : २०७८/०६/१५ गते, शुक्रबार
परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ ।

**विस्तृत जानकारीका लागि**
**भद्रकाली माध्यमिक विद्यालय**
**कुडहर, पोखरा-१३, कास्की**
**सम्पर्क नं. : ०६१-५३३७८७, ५२०४९८**

## १,७६० संक्रमित थपिए, ७ को मृत्यु

**रासस**
**काठमाडौं, ३० भदौ**

विगत २४ घण्टामा देशभर एक हजार ७६० मा सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलका अनुसार १६ हजार ८४४ मा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको छ।

यसैगरी बुधबार काठमाडौं उपत्यकामा ४९५ जनामा सङ्क्रमण पुष्टि भएको छ । उहाँका अनुसार भक्तपुरमा ६३ जना, ललितपुरमा ७२ र काठमाडौं ३६० सङ्क्रमित भेटिएका छन् । पछिल्लो पटक कूल परीक्षण गराएकामध्ये सङ्क्रमित हुने दरमा पनि कमी आएको पौडेलले बताउनुभयो । गत साउनमा परीक्षण गराएकामध्ये २२ प्रतिशतमा सङ्क्रमण हुने गरेकामा हाल आएर त्यो घटेको पाइएको उहाँको भनाइ छ । कूल परीक्षण गरिएकामध्ये १०.६ प्रतिशतमा सङ्क्रमण देखिएको पौडेलले जानकारी दिनुभयो । यस्तै सक्रिय सङ्क्रमित २६ हजार ३०३ छन् । पाँच हजारभन्दा बढी सङ्क्रमित भएका जिल्ला ११ छन् । यस्तै उहाँका अनुसार एक हजार २२० सङ्क्रमण मुक्त भएका छन् । हालसम्म सात लाख ४३ हजार ५२६ सङ्क्रमण मुक्त भएका छन् । नेपालमा सङ्क्रमण मुक्त हुने दर ९५.२ प्रतिशत छ । यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा सात जनाको ज्यान गएको छ । हालसम्म सङ्क्रमणबाट १० हजार ९९१ को मृत्यु भएको छ । नेपालमा प्रति लाखमा ३७० को सङ्क्रमणको कारणले मृत्यु हुने गरेको छ । यस्तै ४०७ सघन उपचार कक्ष (आइसियु), १२९ जना भेन्टिलेटर, २४ हजार ६८३ जना होम आइसोलेशन, एक हजार ६२४ जना संस्थागत आइसोलेशन र २१८ जना क्वारेन्टिनमा छन् ।

यसैगरी बुधबार २९ लाख ९१ हजार १३१ ले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म ६० लाख चार हजार १९ ले पहिलो मात्रा र ५४ लाख १५ हजार ४२७ ले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

## कांग्रेसले टुङ्ग्यायो थप १० जिल्लाको क्रियाशील सदस्यता विवाद

**रासस**
**काठमाडौं, ३० भदौ**

नेपाली कांग्रेसले १४औं महाधिवेशनका लागि थप १० जिल्लाका पार्टीका क्रियाशील सदस्यता विवाद टुङ्गो लगाएको जनाएको छ।

कांग्रेसले यसअघि ५७ जिल्लाको क्रियाशील सदस्यता विवरण सार्वजनिक गरिसकेको छ । यही भदौ १८ गतेदेखि प्रारम्भ भएको पार्टीको वडा अधिवेशन हालसम्म उक्त सबै ५७ जिल्लामा सम्पन्न भइसकेको छ । बाँकी २० जिल्लामध्ये १० जिल्लाको क्रियाशील सदस्यता विवाद समाधान गरी प्रिन्ट भइसकेको र १० जिल्लाको क्रियाशील सदस्यता विवरण पनि आजै सार्वजनिक गर्ने गरी काम भइरहेको पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । सबै जिल्लाको विवाद समाधान गरी छिट्टै पार्टीको केन्द्रीय निर्वाचन समितिलाई विवरण बुझाइने उहाँले बताउनुभयो । क्रियाशील सदस्यता विवरण प्राप्त भएपछि मात्र समितिले बाँकी जिल्लामा वडा अधिवेशन प्रारम्भ गर्ने जनाएको छ । करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन् । कांग्रेसको पछिल्लो अधिवेशन कार्यतालिकाअनुसार अधिवेशन प्रारम्भ हुन बाँकी २० जिल्लामा गाउँ/नगर वडा अधिवेशन आगामी असोज ५ गते तोकिएको छ।

## नेपाल मार्शल आर्ट हप्किडो संघमा घर्ती मगर

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

नेपाल मार्शल आर्टस् हप्किडो सङ्घ गण्डकी प्रदेश समितिको प्रथम अधिवेशनबाट पत्रकार मानबहादुर घर्ती मगर (एमबी आस्था मगर) अध्यक्षतामा सर्वसम्मत हुनुभएको छ।

समितिको उपाध्यक्षमा तारामाया थापा मगर र खेमबहादुर गुरुङ, सचिवमा प्रेम बुढा मगर, सहसचिवमा अर्जुन गाहा मगर र कोषाध्यक्षमा मदनकुमार जिसी तथा सदस्यमा कृष्णप्रसाद कोइराला, बिनाकुमारी पुन, चन्द्रकुमारी पराजुली, सबि शेरचन, श्यामबहादुर श्रेष्ठ, नरेन्द्रकुमार कार्की, किमी छ्योटेन गुरुङ, गीता राना र रामु दराई चयन हुनुभएको छ । समितिको मङ्गलबार नै पहिलो बैठकले चार सल्लाहकारसमेत चयन गरेको छ । समितिको सल्लाहकारमा प्रदेशसभा सदस्य इन्द्रधारा विष्ट, कृष्णकुमारी श्रेष्ठ, श्रीमान् गुरुङ र डा कृष्णप्रसाद पौडेल रहनुभएको छ । यसैगरी संस्थाको कानुनी सल्लाहकारमा अधिवक्ता मनोज घर्ती मगरलाई चयन गरिएको छ।

अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका भूमि, व्यवस्था कृषि सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्र बुढा मगरले खेलाडी र युवालाई स्वरोजगार बनाउनएकीकृत योजना बनाएर अगाडि बढ्ने बताउनुभएको छ।

हप्किडो खेलले विश्वसामु देशको गौरव बढाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास व्यक्त गर्दै उहाँले रसियामा हुने विश्व हप्किडो प्रतियोगितामा सहभागी हुनपोखरामा प्रशिक्षण लिइरहेका नेपाली खेलाडीलाई पदक जितेर आउनअग्रिम शुभकामनासमेत दिनुभयो।

गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले खेलकुद क्षेत्रमा बजेट कम भएकै कारण खेलको विकास हुन नसकेको जनाउँदै हाल एक प्रतिशतमा कायम रहेको खेलकुदको बजेटलाई पाँच प्रतिशत पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा केन्द्रीय अध्यक्ष तथा दक्षिण एशियाली हप्किडो महासङ्घका अध्यक्ष कालीबहादुर घर्ती मगर, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बानियाँ, उपाध्यक्ष तारामाया थापा मगरलगायतले खेलकुदको महत्वमाथि प्रकाश पार्नुभएको थियो।



# चलचित्र छायाङ्कनका लागि मनाङको अवलोकनमा बलिउडकर्मी

**पोखरापत्र संवाददाता**
**मनाङ, ३० भदौ**

कोभिड- १९ र गत असार १ मा आएको बाढीपहिराका कारण आवतजावत ठप्प रहेको हिमाली जिल्ला मनाङमा बलिउड चलचित्र छायाङ्कन हुने भएको छ । बलिउडको प्रख्यात राजश्री प्रोडक्सनको ब्यानरमा छायाङ्कन हुन लागेको चलचित्र "उचाई"को छायाङ्कन गरिने भएको हो ।




चलचित्रको छायाङ्कनका लागि स्थल अवलोकन गर्न निर्माता निर्देशक सुरज बडाजात्याको टोली अल्टिच्युड एयरको दुई वटा हेलिकप्टरबाट मनाङ आउनुभयो । निर्माता, निर्देशकको टोली दुई दिन मनाङमै बसेर चलचित्र छायाङ्कनका लागि विभिन्न स्थानको अवलोकन गरेका छन् ।

सो टोलीले माथिल्लो मनाङको ङिस्याङ गाउँपालिका वरपरका विभिन्न स्थानको अवलोकन गरेका छन् । दुई दिनको अवलोकन पश्चात् टोली आज काठमाडौँ फर्किएर सगरमाथा आधारशिविरमा पनि छायाङ्कनका लागि स्थलगत अवलोकन गर्न गएको नेपालका लागि श्री विलर्स फिल्मस्का अध्यक्ष लाइन प्रोड्युसर सुरज अचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार मनाङ छायाङ्कनका लागि निकै उपयुक्त स्थान रहेको छ । मनाङमा करिब १० दिन सो फिल्मको छायाङ्कन हुने मनाङका पर्यटन व्यवसायी विनोद गुरुङले बताउनुभयो । मनाङ जिल्लालगायत नेपालको अन्य विभिन्न स्थानमा सो फिल्मको छायाङ्कन गरिने बताइएको छ ।

यस चलचित्रमा अमिताभ बच्चन, अनुपम खेर, डेनी डेन्जोङ्पा, सारिका, बोमन ईरानी, परिणिती चोपडा आदि कलाकारको मुख्य भूमिका रहनेछ । दुई साता अगाडि पनि यो टोलीले जोमसोम, कागबेनी, लुक्ला, नाम्चे बजार र लाङटाङ क्षेत्रको अवलोकन गरिसकेको छ ।

यस चलचित्र छायाङ्कनले कोरोनाका कारण थला परेको यहाँको पर्यटन व्यवसायलाई सहयोग पुग्ने र चलचित्र प्रदर्शन पश्चात् मनाङमा भारतीय पर्यटकको आकर्षण बढ्नसक्ने अनुमान गरिएको पर्यटन व्यवसायी गुरूङले बताउनुभयो । उहाँका अनुसार यस बलिउड चलचित्र प्रदर्शन पश्चात् मनाङ मात्र नभइ सिङ्गो नेपालकै प्रचारप्रसचार हुने र नेपाललाई विश्व सामु चिनाउन मद्दत पुग्नेछ ।

# सिग्देल मार्ग-१३ निवासी लिलावतीको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

जीवनमा ध्रुवसत्यता भनेको मृत्यु हो । मृत्यु एक त्यस्तो सत्य हो जसको आगमनको न कुनै समय हुन्छ, न त कुनै संकेत नै यो त जुनसुकै बेला जसलाइ जो सुकै माथि पनि घट्न सक्छ । बाटो काट्दा काट्दै गाडीमा ठोक्किएर, हृदयघात भएर होस या अन्य कुनै रोग र बिरामीको कारणले होस् या कुनै कारणले जहाँ पनि मृत्यु हुन सक्छ । तर यी त मृत्युका बाहाना मात्र हुन् । मृत्यु त्यो सत्य जुन अकाट्य र अवश्यम्भावी छ । त्यसैले पनि कास्की जिल्लाका कवि शिरोमणि लेखनाथ पौड्यालले भनेका छन् 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो, इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।' हो कवि शिरोमणीले भने झैं मृत्युलाइ कसैले छेक्न वा रोक्न सक्दैन । मृत्यु त सवैको अवश्य हुन्छ तर मृत्यु पश्चात केही न केही छाप छाडेर गएको पाइन्छ । सिग्देल परिवार र हामी आफन्त विच लिलावती



सिग्देलको सालीन व्यवहार र वोलीले हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ ।

मेरो जीवनमा उनै हजुरआमाको नाति अभय र ममा उमेरमा ११ महिनाको फरक होला तर हामी सँगै गुच्चा र परालमाथी लुकीडुम खेल्ने साथी हौ । त्यही दौतरी मिलेको कारण पनि लिलावती हजुरआमाको घरमा म स्कूल छुट्टी भयो कि खेल्न जाने घर बनेको थियो ,। हजुरआमा सँग जति भेट भयो सवै भेट मेरो जीवनमा स्मरणीय रहिरहन्छ । हजुरआमाले हरेक भेटमा ध्यू र चिनी मिसाएको खट्टे दिएर खाएको याद अझै जीवनमा टाँसीरहेको छ । आठ वर्ष पहिला काठमाडौ वसाइमा म पोखरा आउँदा हजुरआमा सँग मेरो भेट निरन्तरता हुन्थ्यो । हरेक भेटमा बाबु कति पढ्यौ, आउ खाजा खाऊ । वोली मात्र नभै नजिकै टेबुल माथि रहेका फलफूल हातमा राखिदिने हजुरआमाको बानीले मलाइ घरकै हजुरआमाको याद आउँथ्यो । शोभाकान्त आउँदा मलाइ अभय नाति आए जस्तो लाग्छ भनेर मनमा कता कता वादलले छोपेको जस्तो अनुहार हुन्थ्यो । हजुरआमाको अनुहार परिवर्तन पछि मैले पनि हजुरआमा जीवन यस्तै हो जसलाइ जे लेखेको छ त्यही भोग्ने हो भन्दथे । हजुरआमा आफन्तसँग मात्र नभइ टोलमा पनि सवैसँग मिलेर बस्नु भएको थियो । हातमा लौरो टेक्दै माधव हजुरबाको घरमा झम्का भेट हुँदा भलाकुसारी पनि हुन्थ्यो । आँखाले नठम्बाए पनि हातले आँखा छोप्दै हेर्दै यो त शोभाकान्त पो रहेछ भनी धेरै पटक स्वर्ण मुखवाट मिठा वाणी पस्केको आज मनसपाटलमा मात्र हुने छ । मिठो वचन र सहज व्यवहारले आज पनि हजुरआमाको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र पोखरेलीले विर्सन सक्दैन ।

२०७८ भदौ ३० गते ९७ वर्षको उमेरमा पोखरा-१३, सिग्देलमार्ग स्थित आफ्नै निवासमा बुधवार लिलावती हजुरआमाको निधन भएको हो । स्व. सिग्देलको स्वास्थ्यमा केही दिनदेखि समस्या आएको थियो । उनै सिग्देलको बुधवार सयौं व्यक्तिहरुको उपस्थितिमा सेतीनदीको रामघाटमा दाहसंस्कार गरिएको छ । दाहसंस्कारमा, समाजसेवी, दाजुभाई, आफन्त र शुभचिन्तकहरुको उपस्थिति रहेको थियो । स्व. लिलावतीका छोरा कृष्णकान्त सिग्देल राष्ट्र सेवक संगठन समन्वय परिषद् कास्कीका पूर्व अध्यक्ष, कस्केली अधिकृत समाज कास्कीको संस्थापक अध्यक्ष हुन् । स्व. सिग्देलका एक नाति, तीन नतिनी, सात पनातिनी र दुइ पनाति रहेका छन् ।

# गण्डकीका ९२ जना संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ९२ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । यस अवधिमा १२५ जना सङ्क्रमित थपिएका छन् । पछिल्ला २४ घण्टामा तनहुँको भिमाद नगरपालिका-८ का ५३ वर्षीय पुरुष र स्याङ्जाको वालिङ नगरपालिका-१ का ८४ वर्षीय पुरुषको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । यीसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ३३५ जना पुगेको छ । प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ७१२ जना छ भने होम आइसोलेसनमा एक हजार ५१७ जना रहेको निर्देशनालयले जनाएको छ । प्रदेशमा हालसम्म तीन लाख २४ हजार ३६१ जनाको कोरोना परीक्षण गरिएको छ भने ८३ हजार ९३८ जनामा सङ्क्रमण पुष्टि भएको थियो । जसमध्ये हालसम्म ८० हजार ८९१ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् ।

# हतारमा...

उहाँले कोभिड-१९ को सङ्क्रमण घटे पनि जोखिम नघटेको बताउनुभयो । "सबै पालिकामा एउटै अवस्था छैन । सबै विद्यालयमा पनि एउटै अवस्था छैन", उहाँले भन्नुभयो, "त्यसैले विद्यालयको अवस्था र स्वास्थ्यको मापदण्ड पालना गर्नसक्ने स्थिति हेरी मात्र विद्यालय खोल्नुहोस् ।" छलफलमा स्वास्थ्यराज्यमन्त्री उमेश श्रेष्ठ, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका प्रमुख बालानन्द शर्मा, शिक्षा मन्त्रालयका सचिव रामप्रसाद थपलिया, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), नेपाल निजी तथा आवासीय विद्यालय अर्गनाइजेश, (ऐनप्याब्सन) र अभिभावक सङ्घको सहभागिता थियो ।

# सहारा क्लवको अध्यक्षमा गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

पोखराको सहारा क्लवको अध्यक्षमा हरीराम गुरुङ्ग (सुरज) निर्वारोध चयन भएका छन् । क्लवको २३ औं बार्षिक साधारण सभा तथा १२ औं महाधिवेसनबाट यस अघि बरिष्ठ उपाध्यक्षमा रहेका गुरुङ अध्यक्षमा चयन भएका हुन् । त्यसै गरी दुई बर्षीय कार्यकालको लागि क्लवको वरिष्ठ उपाध्यक्षमा केशबराज बराल, उपाध्यक्षमा चित्रबहादुर पुन, महासचिवमा रामजी प्रसाद अधिकारी, सचिवमा सुनिल राना मगर, कोषाध्यक्षमा नवराज अधिकारी, सह–कोषाध्यक्षमा विनु राना मगर रहेका छन् ।


त्यस्तै क्लवको सदस्यहरुमा रोजिना गुरुङ्ग, ज्योति के. सी., शंकर सुवेदी, अतित गुरुङ्ग, मनमाया तामाङ्ग र मनोज थापा रहेका छन् । क्लवको निवर्तमान अध्यक्षमा केशव बहादुर थापा रहेका छन् ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६




सिताके च्याउ खेतीः पोखरा महानगरपालिका- २१ रान्नीगाउँका कृषक पूर्णबहादुर थापा आफूले मुडामा लगाएको सिताके च्याउ खेतीबारे जानकारी दिँदै । तस्वीर : जमुनावर्षा शर्मा

# देशमै चौंथोमा स्याङ्जा प्रशासन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ३० भदौ**

गृह मन्त्रालयले गरेको कार्यसम्पादन मूल्याङ्कनका आधारमा जिल्ला प्रशासन कार्यालय स्याङ्जा गण्डकी प्रदेशमै पहिलो भएको छ ।

गृहसचिव र ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीबीच आर्थिक वर्ष २०७७/७८ का लागि भएको कार्यसम्पादन सम्झौता कार्यान्वयनको गृह मन्त्रालयबाट मूल्याङ्कन हुँदा स्याङ्जा गण्डकीमा प्रथम र देशैभरमा चौंथो भएको स्याङ्जाका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले जानकारी दिनुभयो । "प्रत्येक आर्थिक वर्षको सुरुआतमा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयबीच कार्यसम्पादन सम्झौता हुन्छ", प्रजिअनेपाललेभन्नुभयो,"मन्त्रालय र प्रशासन कार्यालयबीच विभिन्न छ वटा सूचक तथा उपसूचकको कार्यान्वयनलाई मूल्याङ्कनको आधार बनाउने गरिन्छ ।"

सम्झौता भएका सूचक तथा उपसूचकलाई आधार बनाउँदै जिल्ला प्रशासन कार्यालय स्याङ्जाले वर्षभरिको कार्ययोजना बनाएर कार्यान्वयन गरेसँगै सफलता मिलेको स्याङ्जाका सहायक प्रमुख जिल्ला अधिकारी हरि शर्माले बताउनुभयो ।

गृह मन्त्रालयले शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सेवा प्रवाह, लेखा व्यवस्थापनलगायतका विभिन्न छ वटा सूचक र उपसूचकहरूको अङ्कभारका आधारका मूल्याङ्कन गर्दै आएको छ । चालू आवका लागि पनि गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय स्याङ्जाबीच कार्यसम्पादन सम्झौता भइसकेको छ ।

# क्लबमा...

उनीहरुलाई व्यवसायमा अघि बढाउन शिप संगै परियोजना बनाएर यूवा स्वरोजगार कार्यक्रम सफल बनाउँछौ ।' सहाराले पोखरामा आयोजना गर्ने आहा रारा गोल्ड कप र पोखरा म्याराथनको प्रदेश सरकार बाट सहयोगको निरन्तरता रहने प्रतिवद्धता व्यक्त गरे ।

सहारा क्लब पोखराद्वारा सञ्चालित कठिन परिस्थिति एवं विपन्न वर्गका बालकहरुको सहारा फुटबल एकेडेमीलाई दीर्घकालीन समयसम्म निरन्तर संचालनका लागि आर्थिक श्रोत जुटाउने उद्धेश्यले स्थापना गरिएको सहारा फुटबल एकेडेमी अक्षयकोषमा यस बर्ष मात्र ५ लाख १५ हजार ६ सय ९२ रुपैया सकलन भएको क्लवले जनाएको छ । उक्त कोषमा हालसम्म २ करोड १८ लाख ६८ हजार २ सय ५९ रुपैया संकलन भएको छ । सहारा एकेडेमीमा हाल १४ जिल्लाका २३ जना वालकहरु रहेकाछन् ।

# राप्रपा कास्कीको जिल्ला अधिवेशन सम्पन्न




**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीको जिल्ला अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले नारायण गुरुङलाई अध्यक्षमा सर्वसम्मत रुपमा चयन गरेको छ ।

अधिवेशनको उद्घाटन गर्दै प्रमुख सांसद राजेन्द्र लिङदेलले राप्रपाको एजेण्डा राम्रा हुँदाहुँदै पनि हाम्रा नेताहरुले एजेण्डालाई स्थापित गर्न नसक्दा हामी सधै तल परिरहेको बताउँदै ठूला भनाउँदा दलहरुका कुनै एजेण्डा नभएको हुँदा हाम्रो एजेण्डालाई स्थापित गर्न सम्पूर्ण कार्यकर्ता पंक्तिलाई आग्रह गर्नुभयो । त्यसैगरी विशेष अतिथि नेपालगंजका मेयर डा. धवल शमशेर राणाले संवैधानिक राजसंस्था र हिन्दु राष्ट्र नेपालको लागि अपरिहार्य भएको बताउँदै देशले वैकल्पिक शक्ति खोजेको छ त्यो शक्ति राप्रपा बाहेक अरु हुनै नसक्ने ठोकुवा गर्नुभयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय कोषाध्यक्ष चन्द्र बहादुर गुरुङ, बरिष्ठ नेता जगत गौचन, प्रदेश अध्यक्ष हेमजंग गुरुङ लगायतले आ-आफ्नो भनाई राख्नुभएको थियो । अधिवेशनमा पार्टीका केन्द्रीय सदस्य, नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो । अध्यक्ष डा. महेन्द्र बहादुर कार्कीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रमको संचालन सचिव हरि प्रसाद बरालले गर्नुभएको थियो ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# खुलासंगै अनुगमन बढाऊ

साढे चार महिनादेखि कास्कीमा जारी भएको लकडाउन असोज १ गतेबाट पुरै खुल्ने भएको छ। दोस्रो लहरको कोरोना संक्रमण नियन्त्रण गर्न बैशाख १५ गतेदेखि निषेधाज्ञा जारी भएको थियो। भदौ देखि केही खुकुलो लकडाउन असोज १ गतेदेखि सबै क्षेत्र खुला हुनेछ। मनसुन सकिएसंगै आन्तरिक पर्यटकलाई पोखरा घुम्न सजिलो हुने गरि निर्णय भएको छ।

लकडाउन खुलेसँगै अब पोखरा र समग्र कास्की जिल्लामा स्कुल, होटल, रेष्टुरेण्ट, रात्रीकालीन व्यवसाय, क्लब, दोहोरी साँझ, डान्सबार लगायत खुलाउने निर्णय कास्कीको प्रशासनले गरेको छापोखराका पर्यटन ब्यवसायि, निजी क्षेत्रले गरेको आग्रहलाई कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमसहितको टिमले सकारात्मक लिएको छ। पोखराको आन्तरिक पर्यटन प्रबर्द्धन गर्न पुरै खुला गर्ने निर्णयले लामो समय लकडाउनको मारमा परेको पर्यटन व्यवसाय लयमा फर्कन सहयोगी हुनेछ। लकडाउन खुलेसँगै अब आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम घोषणा गर्नुपर्छ।पर्यटन क्षेत्रका संगठनले छुटका कार्यक्रम घोषणा गर्न पर्यटन बोर्डले समन्वयात्मक भुमिका खेल्नुपर्छ। पोखराका पर्यटन व्यवसायीले आन्तरिक पर्यटकलाई आकर्षित गर्न हरेक क्षेत्रमा छुटको घोषणा हुनुपर्छ। पोखराका पर्यटन व्यवसायीले पोखराका धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय स्थल असोज १ गतेदेखि खोल्ने निर्णय गरेका थिए।

पोखराका सहाशिक गतिविधि प्याराग्लाइडिङ लगायतका गतिविधि पनि असोज १ गतेदेखि सञ्चालन गर्ने नेपाल हवाइ खेलकुद संस्थाले निर्णय गरेर जोखिम मोलेको हो। पहिलो लकडाउन खुकुलो भए पनि स्कुल र रात्रिकालीन व्यवसाय खुलेका थिएनन्। पछिल्लो दिनमा कोरोना संक्रमण र मृत्युदर घटेको कारण लकडाउन खुला गर्ने निर्णयमा कास्की प्रशासनले पुगेको छाअब प्रशासनले स्वास्थ्य सतर्कता अपनाएर सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गराउन अनुगमनमा जोड दिनुपर्छ।

साँझ ८ बजेसम्म मात्र खुला गरिएको बजार र पर्यटकीय स्थलको समय बढाइएको छ। पोखराका होटल तथा रेष्टुरेन्ट राति साढे ११ बजेसम्म खोल्न पाइने उल्लेख गरिएको छ भने डान्सबार, क्लब, दोहोरी साँझ जस्ता रात्रिकालीन व्यवसाय राति साढे १ बजेसम्म संचालन गर्न पाइने आदेशमा उल्लेख हुनु ब्यवसाय उठाउने पहल हो। लकडाउन खुला गरिए पछि सबै ठिक छ भन्ने अवस्थामा पुगेको होइन।स्वास्थ्य मापदण्डअनुरूप चल्न नसके संक्रमण दर बढ्न सक्छ।गत वर्ष जस्तो लापरबाही गरेमा जुनसुकै बेला थप आदेश जारी गर्ने अवस्था आउन सक्छ। जिल्ला प्रशासन कार्यालयले अनुगमन प्रभावकारी बनाउन सकेमा मात्र खुला गरेको सार्थक हुनेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : झमेला बड्ने | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मन चञ्चल | मकर | : शत्रुको भय |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चन्दाबाटै बन्यो २० लाखको मन्दिर

**पोखरापत्र संवाददाता**
**बलेवा, ३० भदौ**

समुदायको अगुवाइ भयो भने लाखौं रकमको विकास निर्माण सम्भव हुन्छ भन्ने बागलुङ नगरपालिकाका स्थानीय बासिन्दाले देखाएका छन्।

बागलुङ-९ तित्याङस्थित गाउँमा गाउँलेबाट चन्दा तथा श्रमदान जुटाएर रु २० लाखमा बालभैरव मन्दिर निर्माण गरिएको छ। धेरै पुरानो र जीर्ण मन्दिर भएकाले स्थानीयवासीले लाखौं खर्चेर बनाएको उपभोक्ता समितिका अध्यक्ष रविन खत्रीले बताउनुभयो।

रु २० लाख रकममध्ये रु १५ लाख नगद सङ्कलन गरेका स्थानीयवासीले रु पाँच लाख बराबरको श्रमदान गरेका थिए। मन्दिरमा तामाको छानोबिछ्याइएको छ। आकर्षक कलात्मक बुट्टा भरेका टुँडालहरू बनेका छन्।

# संविधान कार्यान्वयनको चुनौतीमा अधिकारको बाँडफाँट

**–वासुदेव पौडेल**
**गण्डकी, ३० भदौ (रासस)**

संविधानले व्यवस्था गरेअनुसारको सङ्घीयताको मर्म एवम् भावना अझै पनि पूर्णतः कार्यान्वयनमा आउन नसक्नु गम्भीर चुनौतीका रूपमा देखापरेको छ। संविधानतः व्यवस्था गरिएका अधिकारको बाँडफाँटको विषय कार्यान्वयनका सन्दर्भमा अझै पनि तीन तहबीच नै मत बाझिएको देखिन्छ। संविधानको अनुसूचीमा तीन वटै तहका छुट्टाछुट्टै अधिकारको सूची राखिनाका साथै साझा अधिकारको सूची उल्लेख छ। छुट्टाछुट्टै अधिकारको सूची पनि कतिपय कानून नबनेको तथा कार्यविधि बन्न नसक्दा कार्यान्वयनमा आउन नसकेको तथा साझा अधिकारका सूचीमा एकापसमा द्वन्द्व कायमै छ।

सङ्घीयताको मर्मअनुसार सिंहदरबारका अधिकार गाउँगाउँमा पुऱ्याउने लक्ष्यअनुरुप संविधानले सर्वसाधारणको दैलाको सरकार स्थानीय तहमा धेरै अधिकार प्रत्यायोजन गरिए पनि अझै अनुभूति हुन नसकेको गुनासो आउने गरेको छ। संविधानको मर्मअनुसार स्थानीय तहमा नै सबै विषयगत कार्यालय सञ्चालनमा आइसकेका अवस्थामा सङ्घ एवम् प्रदेशबाट आफ्नो प्रभाव कायम गर्न विभिन्न बहानामा जिल्लामा कार्यालय खोल्न थालिएको कास्की, रुपा गाउँपालिकाका प्रमुख नवराज ओझा बताउनुहुन्छ। "सङ्घीयताले सङ्घ, प्रदेश र स्थानीय तह मात्रै चिन्छ तर पनि विभिन्न बहानामा जिल्लामा कृषि, पशु, भौतिक पूर्वाधार, खानेपानी जस्ता कार्यालय खोल्ने क्रम शुरु भएको छ", उहाँले भन्नुभयो, "स्थानीय तहका विषयगत कार्यालयमार्फत नै काम हुने अवस्थामा सङ्घ एवम् प्रदेशबाट आफ्नो प्रभाव कायमै राख्ने गरी कार्यालयहरू खोलिनु संविधानको भावना विपरीत छ।"

संविधानको अनुसूची-८ मा स्थानीय तहका अधिकारलाई उल्लेख गर्दै नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत) दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलनलगायत कर र शुल्क उठाउने अधिकार दिएको छ। त्यस्तै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन पनि स्थानीय तहले गर्ने गरी व्यवस्था गरिएको छ। स्थानीय अभिलेख व्यवस्थापन, घरजग्गाधनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको काम गर्ने अधिकार संविधानमा नै उल्लेख गरिएको छ।

प्राप्त अधिकारको कार्यान्वयनका लागि कतिपयमा सङ्घको कानून बन्नुपर्ने भए पनि त्यो हुन नसक्दा समस्या भएको ओझाले बताउनुभयो। सङ्घ र प्रदेशले विभिन्न बहानामा आफ्नो प्रभाव कायमै राख्न खोज्ने प्रवृत्तिले समस्या पर्ने गरेको उहाँको भनाइ छ। प्राप्त अधिकारको कार्यान्वयनका लागि गाउँपालिकाले हालसम्म १९ अत्यावश्यक कानून निर्माण गरिसकेको जानकारी दिँदै उहाँले अधिकारको बाँडफाँटका विषयमा देखिएका समस्या समाधान गर्दै काम गर्ने वातावरण तयार गर्नुपर्ने औँल्याउनुभयो।

संविधानको कार्यान्वयनका लागि पहिलो आवश्यकता कानून नै भएको बताउने गण्डकी प्रदेशका कानून, सञ्चार एवम् प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापा सङ्घीयताको भावनानुसार अझै पनि सङ्घले मु√ी फुकाउन नसकेको टिप्पणी गर्नुहुन्छ।सङ्घीयताकोमर्मरभावनानुसार सङ्घबाट साधनस्रोत एवम् बजेटको समुचित बाँडफाँट हुनुपर्ने भए पनि त्यो हुन नसकेको उहाँले बताउनुभयो। "सङ्घबाट नेपालको बजेटको जम्मा ३० प्रतिशत बजेट मात्रै प्रदेशमा आउने गरेको छ", उहाँले भन्नुभयो, "सङ्घीयताको मर्मअनुसार वितरित बजेट पनि समानुपातिक रूपमा जान सकेको छैन, पहुँचवाला नेताको क्षेत्रमा अधिकतम जाने गरेको छ।"

संविधानको अनुसूची ६ मा प्रदेशका लागि २१ अधिकारको सूची उल्लेख छ। सोअनुसार प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा, नेपाल राष्ट्र बैंकको नीतिअनुरूप वित्तीय संस्थाको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग, रेडियो, एफएम, टेलिभिजन सञ्चालन, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना, प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा, प्रदेश तथ्याङ्क, प्रदेशस्तरको विद्युत्, सिँचाइ र खानेपानी सेवा, परिवहनलगायत प्रदेशको अधिकार क्षेत्रमा राखिएको छ। त्यस्तै प्रदेश विश्वविद्यालय, स्वास्थ्य सेवा, प्रदेशसभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी, प्रदेशभित्रको व्यापार, प्रदेश लोकमार्ग, प्रदेश अनुसन्धान ब्युरो र प्रदेश सरकारी कार्यालयको भौतिक व्यवस्थापनलगायत प्रदेश अधिकार क्षेत्रभित्र छन्। प्राप्त अधिकारको कार्यान्वयनका लागि सङ्घबाट बन्नुपर्ने कानून चाँडो बनाउनुपर्ने बताउँदै मन्त्री थापाले संविधानले निर्दिष्ट गरेका अधिकारको सूची अनुसार काम गर्ने वातावरण तयार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। गण्डकी प्रदेशमा संविधानको कार्यान्वयनकै सन्दर्भमा ४८ वटा कानुन बनिसकेको र पाँवटा कानुन तत्कालै बन्ने क्रममा रहेको उहाँले जानकारी दिनुभयो।

संविधानको अनुसूची पाँचमा संघको अधिकार सूची विभिन्न ३५ बुँदामा समेटिएको छ। सङ्घमा रक्षा र सेना, युद्ध र प्रतिरक्षा, हातहतियार, खरखजाना कारखाना तथा उत्पादन, केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान शान्ति सुरक्षा, केन्द्रीय योजना, केन्द्रीय बैंक, सङ्घीय संसद्लगायत धेरै विषयलाई सङ्कको अधिकार सूचीमा राखिएको छ। संविधानको अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारका रूपमा १५ अधिकार समेटिएको तथा अनुसूची ७ मा सङ्घ र प्रदेशका २५ साझा अधिकारका सूची उल्लेख गरिएको छ।

संविधानले स्पष्ट रूपमा अधिकारको बाँडफाँट गरेका विषयमा पनि एक अर्को तहबीच समन्वय र मतैक्यता नहुनु कार्यान्वयनमा चुनौती देखिएको अधिवक्ता हरिप्रसाद पण्डित बताउनुहुन्छ। "संविधानको कार्यान्वयन गर्नु तीन वटै तहको विशेष जिम्मेवारीमा रहे पनि समस्या देखिएका स्थानमा बाधाअड्चन फुकाउने काममा सङ्घले नै अग्रसरता देखाउनु आवश्यक छ", उहाँले भन्नुभयो, "साझा अधिकारका सूचीको प्रयोगका लागि पनि आवश्यक कार्यविधि तयार गरी अघि बढ्नाको विकल्प छैन।" स्थानीय तहमा देखिएका सीसम्बन्धी विवाद, प्राकृतिक साधनस्रोतको उपयोगसम्बन्धी विवाद आदि समाधान गर्नेतर्फ ध्यान दिनु आवश्यक भएको उहाँले बताउनुभयो। नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षको प्रतिफलका रूपमा प्राप्त संविधानलाई कार्यान्वयन गर्दै यसको भावनालाई आत्मसात् गर्नु सरोकार पक्ष सबैको दायित्व भएको उहाँको भनाइ छ।

# बागलुङका पुराना व्यवसायी सम्मानित

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३० भदौ**

नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन बागलुङले यहाँका दुई व्यवसायीलाई सम्मान गरेको छ। सङ्गठनको दोस्रो जिल्ला अधिवेशनका अवसरमा मङ्गलबार पुराना व्यवसायी लालचन्द्र राजभण्डारी र रतनप्रसाद मलेपती सम्मानित हुनुभएको हो।

अधिवेशनको उद्घाटन समारोहमा सङ्ठनका केन्द्रीय अध्यक्ष श्यामबहादुर पाठक र जिल्ला अध्यक्ष राजबहादुर थापाले उहाँहरूलाई संयुक्त रूपमा दोसल्ला र सम्मानपत्र प्रदान गर्नुभएको थियो। राजभण्डारी सङ्गठनका संस्थापक अध्यक्ष र मलेपती पूर्वअध्यक्ष एवं केन्द्रीय सदस्य हुनुहुन्छ। राजण्डारी विगत ५५ वर्षदेखि पुस्तक तथा स्टेशनरी व्यवसायमा सक्रिय हुनुहुन्छ भने मलेपतीको खाद्यान्न पसल छ। सङ्गठन र व्यवसायिक क्षेत्रको प्रर्वद्धनमा टेवा पुऱ्याए बापत उहाँहरूलाई सम्मान गरिएको जिल्ला अध्यक्ष थापाले बताउनुभयो। सम्मान ग्रहणपछि बोल्दै व्यवसायी राजभण्डारीले कठिन स्थितिमा जन्मेकोसङ्गठनयहाँसम्मआइपुगेको स्मरण गर्नुभयो। उहाँले सही विचार र दृष्टिकोणले व्यावसायिक क्षेत्रलाई पनि दिशानिर्देश गर्ने हुँदा आफू त्यसबेला सङ्गठनमा आबद्ध भएको उल्लेख गर्नुभयो।

सो अवसरमा सङ्गठनका केन्द्रीय अध्यक्ष पाठकले राष्ट्रिय अर्थतन्त्र सुदृढ नभएसम्म मुलुक समृद्ध बन्न नसक्ने बताउनुभयो।अधिवेशनलेमुकेशचन्द्र राजभण्डारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। उपाध्यक्षमा गगन पुन, कौशिला घर्ती, सुरज विक र प्रकाश शर्मा चयन हुनुभएको छ। यस्तै महासचिवमा गोकुल कँडेल, सचिवमा प्रकाश रखाल, सह-सचिवमा तुलसी नारायण भारी, कोषाध्यक्षमा मनकाजी विक, सह-कोषाध्यक्षमा नर वहादुर केसी रहनुभएको छ। सदस्यमा कमला पुन, नरकुमार गौतम, गीता खड्का, राजु खड्का, गोविन्द सुवेदी, अजय मलेपती, तिल खत्री, जंगबहादुर राना, टेक बहादुर राना र हिदायत हुसेन रहनुभएको जनाइएको छ। अधिवेशनबाट महिला उप-समितिसमेत गठन भएको छ। समितिका संयोजकमा ललिता थापा, सदस्यमा नरमाया पुन र सम्झाना श्रेष्ठ रहनुभएको छ।

सल्लाहकार समितिमा लालचन्द्र राजभण्डारी, रतन मलेपती, ईश्वर मलेपती, अनुप श्रेष्ठ, अर्जुन चोखाल, बद्री सापकोटा, बद्री शर्मा, मनोविज्ञान श्रेष्ठ र निर्मलबहादुर श्रेष्ठ रहनुभएको छ। विसं २०६४ मा स्थापित सङ्गठन व्यवसायीको हकहितका पक्षमा क्रियाशील छ। जिल्लाका दश वटै स्थानीय तहमा यसका एकाइहरू छन्। सातसय बढी व्यवसायी सङ्गठनमा आबद्ध रहेको जनाइएको छ।

# कमी आउन सकेन गर्भमै मृत्यु हुने शिशुको

**पोखरापत्र संवाददाता**
**लमजुङ, ३० भदौ**

आमाको गर्भमै शिशुको मृत्यु हुने दर यहाँ अझै कमी आउन सकेको छैन। गर्भवतीले आफ्नो स्वास्थ्यको राम्रोसँग हेरचाह नगर्ने, नियमित गर्भजाँच नगर्ने, गर्भावस्थामा ठूलो भारी बोक्ने, पोषिलो खानेकुरा सेवन नगर्ने, जनचेतनाको कमी, पेटमा बच्चा नचल्दा पनि बेवास्ता गर्नेलगायतका कारणले जिल्लामा गर्भमै मृत्यु हुने शिशुको दरमा न्यूनीकरण हुन नसकेको हो।

सदरमुकाम बेँसीसहर नगरपालिका-८ मा रहेको जिल्ला अस्पतालमा आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म अर्थात् तीन वर्षको अवधिमा ३९ गर्भवतीको गर्भमै शिशुको मृत्यु भएको जिल्ला अस्पतालका प्रमुख हेमन्त श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार यी आमाको गर्भमै मृत्यु हुने शिशुको सङ्ख्यामध्ये गत आव २०७७/७८ मा १२ को मृत्यु भएको छ। त्यस्तै आव २०७६/७७ मा गर्भमै १६ शिशुको मृत्यु भएको थियो भने आव २०७५/७६ मा ११ को मृत्यु भएको जिल्ला अस्पतालले जनाएको छ। यी आवमध्ये आव २०७६/७७ मा गर्भमै मृत्यु हुने शिशुको सङ्ख्या बढी भएको देखिन्छ।

सरकारदेखि विभिन्न सम्बन्धित निकाय तथा स्वास्थ्यकर्मीले गर्भावस्थामा गर्न हुने/नहुनेलगायतका सन्देश प्रवाह गर्दै आएका छन्। यति मात्र नभई जिल्ला अस्पतालले समेत यससम्बन्धी गर्भवतीलाई परामर्श, सरसल्लाह दिँदै आएको छ। साथै विभिन्न माध्यमबाट पनि सचेत गर्ने काम गर्दै आए पनि गर्भमै शिशुको मृत्यु हुने सङ्ख्यामा कमी आउन नसकेको अस्पताल प्रमुख श्रेष्ठको भनाइ छ। उहाँले भन्नुभयो, "स्वास्थ्यकर्मीसँग परामर्श लिनुपर्छ, खानपानमा ध्यान दिनुपर्छ, स्याहारसुसारमा ध्यान दिनुपर्छ, साथै नियमित स्वास्थ्य जाँच गरेमा आमाको गर्भमै शिशुको मृत्यु हुँदैन, गर्भवती भएपछि सरकारले तोकेको नियमित जाँच गर्न चारपटक स्वास्थ्य संस्थामा आउनुपर्छ।"

# प्रभावकारी भएन प्रधानमन्त्री रोजगार कार्यक्रम

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३० भदौ**

जिल्लाका १० स्थानीय तहमध्ये अधिकांशमा प्रभावकारी बन्दै आएको प्रधानमन्त्री रोजगार कार्यक्रम जिल्ला सदरमुकाम रहेको बागलुङ नगरपालिकामा भने प्रभावकारी हुन सकेको छैन। विगतका वर्षमा नगरपालिकामा पदमार्ग निर्माण केन्द्रित भएको सो कार्यक्रम आर्थिक वर्ष २०७७/७८ मा कार्यान्वयन हुन नसकेको हो।

नयाँ कार्यविधिअनुसार सङ्घीय सरकारबाट आएको सबै रकम ज्यालामा मात्रै खर्च गर्नुपर्ने प्रावधान रहेकामा नगरपालिकाले साझेदारीमा बजेट नहाल्दा कार्यक्रम प्रभावित बनेको हो। स्थानीय पालिकाले केही बजेटमा साझेदारी गर्दा जिल्लाको काठेखोला र बरेङ गाउँपालिका र ढोरपाटन नगरपालिका लगायतका स्थानीय तहमा प्रभावकारी बन्दै गएको जनाइएको छ। नगरपालिकामा गत आवमा रोजगारी प्रदान गर्नका लागि विनियोजित एक करोड ५२ लाख बजेटमध्ये जम्मा १४ लाख मात्रै बजेट खर्च भएर अन्य बजेट 'फ्रिज' भएको बागलुङ नगरपालिका रोजगार संयोजक सविता शर्माले जानकारी दिनुभयो। "नयाँ कार्यविधिमा धेरै कुरा फरक छ, पहिला ७० ज्याला, २५ निर्माण सामग्री र पाँच प्रतिशत बजेट औजार खरिद गर्ने खालको थियो, अहिले सबै पैसा ज्यालामै खर्च गर्नुपर्ने हुन्छ, त्यसलै गर्दा निर्माण सामग्री र औजार अभावमा कार्यान्वयन हुन नसकेको हो, गत आर्थिक वर्षमा नगरपालिको समन्वय नगर्दा बजेट खर्च हुन सकेको छैन," उहाँले भन्नुभयो, "पालिकाले साझेदारीमा केही बजेट विनियोजन गरेका स्थानमा सफल भएको छ, आगामी दिनमा नगरपालिकाले निर्माण सामग्री र औजार खरिदमा ध्यान दिनुपर्नेछ।"

कार्यविधिको समस्याले गत वर्ष बजेट कार्यान्वयन समस्या भए पनि यसपटक पालिकाले साझेदारी गरेर रोजगार कार्यक्रम सफल बनाइने नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो। "कार्यविधि नै समस्या छ, नगरपालिकाभित्र चलनचल्तीको ज्याला एक हजार छ, कार्यविधिमा ५१७ ज्याला छ, त्यसमा काम गर्न कोही मान्दैनन्, त्यसैमा घनमिटरमा मूल्याङ्कन हुन्छ," उहाँले भन्नुभयो, "नगर क्षेत्रमा श्रमिकको समेत अभाव छ, एउटा वडाको कामदार अर्को वडामा लैजान नमिल्ने, बजार क्षेत्रमा श्रमिक पाउनै मुस्किल छ, यो आर्थिक वर्ष नगरपालिकाले केही रकम छुट्याइनेछ।" बागलुङ - ५ मा केही काम गरे पनि प्राविधिकले मूल्याङ्कन गर्दा दैनिक ज्याला ३७५ मात्रै रहेको रोजगार संयोजक शर्माको भनाइ छ। नगरपालिकाले १४ वडामा पदमार्ग, मोटरबाटो मर्मत, कच्ची नाली निर्माण जस्ता सात योजना स्वीकृत गरेको थियो। बागलुङ -५ मा आठ लाख खर्च भएको थियो।

अहिले कार्यक्रमका लागि नगरपालिकामा रु एक करोड ४२ लाख बजेट आएको छ। नगरपालिकामा जम्मा २७० बेरोजगारको सूचीमा सूचीकृत छन्। सूचीकृतमा नाम भएकाले मात्रै रोजगारी पाउने भएकाले सूचीकृत नाम भएका विदेश जाने र नयाँ बेरोजगार स्वदेश आएकाले रोजगारी दिनै समस्या भएको छ। वडास्तरीय योजनामा साझेदारी गर्दा रोजगार कार्यक्रम प्रभावकारी भएको काठेखोलाका अध्यक्ष अम्मरबहादुर थापाले जानकारी दिनुभयो। पालिकाले सामान्य औजार, प्राविधिक, सिमेन्ट, बालुवा, ढुङ्गाबाट, व्यवस्थापन गर्ने गरी पालिकाले समन्वय गर्दा मात्रै रोजगार कार्यक्रम सफल हुने देखिएको छ। एक करोड बजेटमा सबै काम भएको काठेखोलाले हालसम्म २७५ लाई ८० दिनसम्मको रोजगारी दिइसकेको रोजगार संयोजक जनक पौडेलले बताउनुभयो।

